का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ जेठ २०७९,

शनिबार

11 June 2022,

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २०, अंक १२६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## अलपत्र निर्णय अप्ठ्यारोमा पार्टी

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनालले मन्त्री हेरफेरको निर्णय तत्काल कार्यान्वयन हुनुपर्ने बताएका छन् । शुक्रबार प्रतिनिधिसभा बैठकबाट बाहिरिने क्रममा पूर्वप्रधानमन्त्री खनालले मन्त्री हेरफेरको निर्णय प्रधानमन्त्री शेरबहादुर देउवाले कार्यान्वयन गर्नुपर्ने बताए ।

खनालले एकीकृत समाजवादीले गरेको मन्त्री हेरफेरको निर्णय कार्यान्वयन नभए गठबन्धनको औचित्य सकिने बताउँदै आएका छन् । पत्रकारहरुले सोधेको प्रश्नमा शुक्रबार पूर्वप्रधानमन्त्री खनालले भने, 'धेरैपटक यसको जवाफ दिइसके । यसमा पार्टीको तर्फबाट गम्भीर आपत्ति छ । यो तुरुन्त लागू हुनुपर्छ ।' मन्त्री हेरफेरबारे पार्टीले गर्ने निर्णय गरिसकेको खनालको भनाइ छ ।

तर प्रधानमन्त्री देउवाले भने एकीकृत समाजवादीले गरेको निर्णय कार्यान्वयन गरेका छैनन् । एकीकृत समाजवादीले पार्टीका तर्फबाट सरकारमा सहभागी चार मन्त्री र एक राज्य मन्त्री फिर्ता बोलाएर नयाँ नाम पठाउने निर्णय गरेको छ । तर गएको आइतबार (६ दिन अगाडि) गरेको एकीकृत समाजवादीको निर्णय कार्यान्वयन हुन सकेको छैन । एकीकृत समाजवादीले पर्यटनमन्त्री प्रेम आले, श्रम मन्त्री किसान श्रेष्ठ, स्वास्थ्य मन्त्री बिरोध खतिवडा, शहरी विकास मन्त्री रामकुमारी झाँक्री र स्वास्थ्य राज्यमन्त्री भवानी खापुङलाई फिर्ता बोलाउने निर्णय गरेको थियो ।



मन्त्री हेरफेर गर्ने एकीकृत समाजवादीको निर्णय एक सातासम्म कार्यान्वयन हुन सकेको छैन । प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् पुनर्गठन नगरेपछि एकीकृत समाजवादीभित्र भने असन्तुष्टि देखिएको छ ।

एकीकृत समाजवादीले नयाँ मन्त्रीमा पर्यटनमा जीवनराम श्रेष्ठ, श्रममा शेरबहादुर कुँवर, शहरी विकासमा मेटमणि चौधरी, स्वास्थ्यमा भवानी खापुङ र स्वास्थ्य राज्यमन्त्रीमा हिरा केसीलाई शपथ गराउन प्रधानमन्त्री देउवालाई पत्र पठाएको थियो । तर एकीकृत समाजवादीको निर्णय प्रधानमन्त्री देउवाले कार्यान्वयन गरेका छैनन् । एकीकृत समाजवादीले फिर्ता बोलाएकै मन्त्रीलाई कायम राखेर प्रधानमन्त्री देउवाले सरकार चलाइरहेका छन् ।

प्रधानमन्त्री देउवाले अहिले बजेटमाथिको छलफल चलिरहेकाले मन्त्रिपरिषद् पुनर्गठन गर्न नसकिने जवाफ दिएका छन् । सम्बन्धित मन्त्रालयको जवाफ मन्त्रीहरुले दिएपछि मात्रै नयाँ मन्त्रीलाई शपथ गराउने प्रधानमन्त्री देउवाले दिएका छन् । तर प्रधानमन्त्री देउवाको यो निर्णयले एकीकृत समाजवादीभित्र भने ठूलै असन्तुष्टि देखिएको छ । फिर्ता बोलाइएका मन्त्रीहरुले काम गरिररहेपनि मन्त्री बनाइने सूचीमा परेका नेताहरुले भने पार्टी र प्रधानमन्त्रीप्रति असन्तुष्ट बनेका छन् ।

प्रमुख विपक्षी दल नेकपा एमालेले अहिलेको गठबन्धन धेरै नटिक्ने दावी गरिरहँदा एकीकृत – बाँकी पृष्ठ २ मा



पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-४, साँखरस्थित इयाम नजिक वर्षाका कारण शुक्रबार बिहान भासिएको सडक । अविरल वर्षाका कारण देशभर असर देखिएको छ । तस्वीरः कृष्ण न्यौपाने, रासस

# गैरजिम्मेवार मन्त्री सांसदहरुमा अरुची



बजेटमाथिको छलफलमा सम्बन्धित मन्त्रीहरु नै अनुपस्थित हुने घटना पटक-पटक दोहोरिएका छन् भने छलफलमा सांसदहरुको उपस्थिति पनि न्यून देखिन्छ ।

**बजेटमाथि छलफल**

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधिसभामा पेस गरेको आर्थिक वर्ष २०७९/२०८० को बजेटमाथिको छलफलमा सरकारले चरम लापरबाही गरेको पाइएको छ भने सांसदहरुमा पनि रुची देखा परेको छैन् ।

सम्बन्धित मन्त्रालयका लागि विनियोजन भएको बजेटमाथिको छलफलमा सम्बन्धित मन्त्रीहरु नै अनुपस्थित हुने घटना पटक-पटक दोहोरिएका छन् भने छलफलमा सांसदहरुको उपस्थिति पनि न्यून देखिन्छ ।

गत बुधवार बिहान ११ बजेका लागि बोलाइएको प्रतिनिधिसभा बैठक सम्बन्धित मन्त्रीलाई कुर्दा कुर्दै करिब ३५ मिनेट ढिलो भएको थियो । बिहीबार र शुक्रबार करिब १५ मिनेट ढिलो भयो । कारण-उही सम्बन्धित मन्त्री अनुपस्थित । संसद सचिवालयका अनुसार कुनै दिन आधा घण्टा, कुनै दिन त्यस भन्दा कम कुर्दा समेत मन्त्रीहरु नआउने प्रवृति छ । सम्बन्धित मन्त्रीहरु उपस्थित नभए पनि छलफल अगाडि बढाउने गरिएको छ । आफ्नो मन्त्रालयको छलफल भएका बेला समेत मन्त्री देखिँदैनन् । को मन्त्री आए ? को गए ? संसद सचिवालय अनभिज्ञ हुन्छ । किनभने मन्त्रीले संसदमा हाजिर गर्नुपर्दैन ।

प्रमुख विपक्षी नेकपा एमालेले निरन्तर मन्त्रीको उपस्थितिबारे प्रश्न उठाउँदै – बाँकी पृष्ठ २ मा

## फोहोर व्यवस्थापन राति मात्रै

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा राति मात्रै फोहोर व्यवस्थापन गरिने भएको छ । आन्दोलनरत स्थानीय, जनप्रतिनिधि र काठमाडौं महानगरबीच भएको सहमति अनुसार सिसडोल, बञ्चरेडाँडा कुँडुले ल्याण्डफिल्ड साइडमा फोहोर व्यवस्थापन गरिनेछ । १८ बुँदे सहमतिमा रातिको समयमा मात्रै काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।

फोहोर व्यवस्थापन गर्दै आएको क्षेत्रको वैज्ञानिक अध्ययन गरी प्रभावित क्षेत्र छुट्याउने, सिसडोल, बञ्चरेडाँडा ल्याण्डफिल्ड क्षेत्रको फोहोरको दुर्गन्ध हटाउनुपर्ने, फोहोर बोक्ने गाडीबाट लिच्चड नचुहिने व्यवस्था एक महिनाभित्र गरिसक्नुपर्नेजस्ता विषयमा समेत सहमति भएको छ ।

अब काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन हुने सहरी विकास मन्त्री झाँक्रीसहित काठमाडौं उपत्यकाका जनप्रतिनिधिहरुको विश्वास छ ।

प्रभावित क्षेत्रका तर्फबाट भएको सहमतिपत्रमा नुवाकोटको ककनी गाउँपालिका वडा नम्बर १ र २ का अध्यक्ष तथा धादिङको धुनिबेँसी नगरपालिका वडा नम्बर १ र ३ का अध्यक्षले हस्ताक्षर गरेका छन् । काठमाडौं महानगरपालिकाको तर्फबाट प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गरेका छन् ।

उक्त सहमतिपछि सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले बञ्चरेडाँडाका बासिन्दासँग छुट्टै छलफल समेत गरेकी छन् ।

शुक्रबार मन्त्रालयमा भएको छलफलमा उनले काठमाडौंको फोहोर व्यवस्थापनको लागि ठूला ल्याण्डफिल्ड साइटको विकल्पमा साना व्यवस्थापन केन्द्र खोज्नुपर्ने बताएकी छन् ।

मन्त्रालयमा बञ्चरेडाँडाका बासिन्दासँग भएको छलफलमा मन्त्री झाँक्रीले ठूला ल्याण्डफिल्ड साइट बन्न समय लाग्ने भन्दै त्यसको विकल्पको रुपमा स-साना फोहोर, ढल व्यवस्थापन केन्द्र खोज्नुपर्ने बताएकी हुन् । – बाँकी पृष्ठ २ मा



### आगामी साता बेलायतसँग श्रम समझदारी
## शुरूमा दुई हजार नर्स जान पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ जेठ

नेपाली नर्सलाई बेलायतमा रोजगारी दिने विषयमा नेपाल र बेलायतबीच आगामी साता श्रम समझदारीमा हस्ताक्षर हुने भएको छ । श्रम समझदारीको मस्यौदा बनाउन गठित दुबै देशका प्रतिनिधि सम्मिलित समितिले अन्तिम मस्यौदा तयार गरेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी साता हस्ताक्षर गर्न लागिएको बताएको छ ।

शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सँग नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले शिष्टाचार भेट गरी श्रम समझदारीको तयारीबारे छलफल गरेकी छन् ।

मन्त्रालयमा भएको भेटवार्तामा श्रम आप्रवासनको क्षेत्रमा बेलायतसँगको सम्बन्ध गौरवपूर्ण रहेको चर्चा गर्दै मन्त्री श्रेष्ठले नेपालबाट तेस्रो मुलुकमा रोजगारीका लागि जाने प्रचलन बेलायती सेनामा भर्ना प्रक्रियाबाटै शुरु भएको बताए । नेपाल र बेलायतबीच हुने श्रम समझदारीपत्रको तयारीका लागि दुबै देशका तर्फबाट सहभागी प्रतिनिधिको संयुक्त प्रयासबाट सुरक्षा क्षेत्रभन्दा बाहिर पहिलोपटक नेपालीहरुले बेलायतमा रोजगारीको अवसर प्राप्त गर्न लागेको भन्दै मन्त्री श्रेष्ठले श्रम समझदारीको मस्यौदा समितिका सदस्यहरुलाई धन्यवाद दिए ।

बेलायतमा रोजगारीका लागि प्रारम्भमा २ हजार नर्स पठाउने तयारी रहेको बताउँदै मन्त्री श्रेष्ठले त्यसका लागि वैदेशिक रोजगार विभागको क्षमता अभिवृद्धि, छात्रवृत्तिको अवसरका साथै नर्सिङ कलेजहरुको क्षमता अभिवृद्धिमा बेलायत सरकारबाट सहयोगको अपेक्षा गरिएको बताए । छलफलमा नेपाल र बेलायतबीच सन् १८१६ मा कुटनीतिक सम्बन्ध स्थापित भएदेखि रहिआएको सम्बन्ध र आपसी हितका विविध विषयमा – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### विप्रेषण आप्रवाहमा सामान्य सुधार

**काठमाडौं / रासस–** वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा वृद्धिसँगै चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म विप्रेषण आप्रवाहमा सामान्य सुधार भएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आवको १० महिनाको आर्थिक विवरणअनुसार विप्रेषण आप्रवाहमा ०.२ प्रतिशतले वृद्धि भएको छ ।

बैंकका अनुसार वैशाख मसान्तसम्म रु आठ खर्ब ११ अर्ब ७९ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । सरकारले विप्रेषण पठाउनेलाई विशेष सुविधाका कार्यक्रम सार्वजनिक गरेपछि सकारात्मक प्रभाव पर्न थालेको हो । सरकारले विप्रेषण पठाउनेलाई साधारण शेयरमा कोटा लागू गर्नेलगायतका केही नीतिगत निर्णय – बाँकी पृष्ठ २ मा

**QATAR मा पुरुष तथा महिलाहरुलाई रोजगारको अवसर**

Land Mark Group

कम्पनी: **LANDMARK LEISURE WLL**
पूर्व स्वीकृत मितिः २०७९/०२/२७ चलानी नं.: ६०१८०७४२
LT. No.: 264725 शहरः QATAR

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier (Female) | 0 | 1 | सम्बन्धित कामामा दक्ष | 1500 | ५०,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५०,८८० | | | | | | | |
| 3. | Salesman | 0 | 2 | | 1500 | ५०,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ४ देखि ११ गते सम्म (18 to 25 JUNE 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**

Govt Lic. NO. 647/063/064

P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ जेठ २०७९, शनिबार
11 June 2022, Saturday

## अलपत्र...

समाजवादीको निर्णय र प्रधानमन्त्री देउवाको अडानले थप आशंका सिर्जना गरेको छ। वर्तमान सरकार निर्माणमा एकीकृत समाजवादी महत्वपूर्ण शक्ति हो। एमालेबाट पार्टी विभाजन गरेर एकीकृत समाजवादी नबनेको अवस्थामा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संसदमा बहुमत पाउने अवस्था थिएन। तर माधवकुमार नेपाल नेतृत्वमा एकीकृत समाजवादी बनेपछि भने महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पनि देउवालाई प्रधानमन्त्रीमा समर्थन गरेको छ।

## गैरजिम्मेवार...

आएको छ। एमाले सांसद विमला विकले विनियोजन विधेयकमाथिको छलफलमा सरकारले चरम लापरबाही गरेको बताउँछिन्।

'सभामुखज्यु आउनुभन्दा ५ मिनेट घण्टी बज्नुपर्ने झण्डै २५ मिनेट घण्टी बज्यो। घडी बिग्रियो कि भन्ने पनि लाग्यो। यसो बुझ्दा सम्बन्धित मन्त्री ज्युहरु नआएर पो रहेछ' सांसद विकले प्रश्न गरिन्, 'यस्तै हो संसदको गरिमा ?' बुधबार उनले प्रश्न गरेकी थिइन्।

कार्यसूची अनुसार वजेटको मन्त्रालयतगत छलफल सुरु हुँदा समेत सम्बन्धित मन्त्रीहरु नआएको भन्दै उनले थप आक्रोश पोख्छिन्। उनी भन्छिन्, 'आफ्नो मन्त्रालयको बारेमा छलफल भैरहँदा सांसदहरुले मन्त्रालयको बजेटको बारेमा छलफल गरिरहँदा मन्त्रीहरु आउनु पर्दैन ?' संसदप्रति मन्त्रीहरु उत्तरदायी हुनुपर्छ कि पर्दैन ? भन्ने प्रश्न गर्दै उनले सभामुखलाई बजेटको मन्त्रालयतगत छलफलमा उपस्थित हुन सम्बन्धित मन्त्रीहरुलाई रुलिङ गर्न पटक-पटक सभामुख अग्नि प्रसाद सापकोटालाई आग्रह गरेकी छन्।

एमालेकै अर्का सांसद कृष्णभक्त पोखरेल पनि सरकारलाई संसदीय गरिमाको ख्याल गर्न आग्रह गर्छन्। भन्छन्, 'संसद्को गरिमा घटाउने काम नगर्न निर्देशन गर्न अनुरोध गर्छु।' बजेटमाथिको छलफलमा सरकारको लापरबाही मात्रै देखा परेको छैन् सांसदहरुको सक्रिय सहभागिता पनि देखिएको छैन। २७५ सदस्यीय प्रतिनिधिसभामा गत शुक्रबार एकै दिन ७९ जना सांसद बैठकमा अनुपस्थित रहेको संसद सचिवालयले दिएको छ। बजेटमाथिको छलफल सुरु भएको दिन १७ गते ३९, १८ गते ५४, १९ गते ५० र २० गते ७९ जना सांसद उनुपस्थित भएका थिए। यसले बजेटमाथिको छलफलका सांसदहरुको चासो कस्तो छ ? भन्ने देखाउँछ। अर्कोतर्फ संसदमा हाजीर गरेर निस्कने सांसदको संख्या पनि उस्तै हुन्छ।

स्वमं सांसदहरु र संसदीय मामलाका जानकारहरु विनियोजित विधेयकमाथि सांसदहरुको जिज्ञासा, सुझाव, छलफल र चासो कम देखिको कारण सांसदले बोलेकै आधारमा बजेटमा कुनै चीज परिवर्तन नहुने अभ्यास रहेको बताउँछन्।

'जति कुरा उठाएपनि अर्थमन्त्रीले पेस गरेको बजेट वक्तव्यका प्रावधानहरु कहीं कतै परिवर्तन हुँदैन। यसकारण् यो छलफलको औचित्यमाथि समेत प्रश्न छ। हामी सांसद त उही टेबुल ठोन्न न यहाँ आएका हौं' शुक्रबार प्रतिनिधिसभामा बोल्दै सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसकी सांसद ्गमति शाहीले भनिन्। बजेट बनाउनुअघि छलफल नहुने, बजेट पेश भएपछि छलफल हुने र भएको छलफलमा व्यक्त बिचारको सुनुवाई नहुने परिपार्टीले संसदको छलफललाई निरर्थक तुल्याइरहेको उनको भनाई छ।

संविधानसभाका अध्यक्ष एवं प्रमुख विपक्षी नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ आफ्ना नेताले बोल्ने वा अरु कुनै विशेष कारण बाहेक बैठकमा सांसदहरुको संख्या कम हुनुलाई संसारभरकै चलन भन्छन्। धेरै सांसदको उपस्थिति उत्तम हुने भए पनि बेलायतमा समेत बजेटमाथिको छलफलमा सांसदहरुको न्युन उपस्थिति रहेको गरेको उनी बताउँछन्। पूर्वअर्थमन्त्री समेत रहेका एमाले सांसद सुरेन्द्र पाण्डे धेरै नकारात्मक हुन नहुने बताउँछन्। उनी भन्छन्, 'बजेटमा जति जनाले बोलेका छन् त्यसलाई सकारात्मक मान्नुपर्छ।'

तर, बजेटमाथिको छलफलमा सुरु भएदेखिनै अरुची देखिएको संसद सचिवालयका अधिकारीहरुले बताउँछन्। संविधानसभाका अध्यक्षसमेत रहेको नेम्वाङ भने बजेटमाथिको छलफलमा सरकार नै उदासिन रहेको टिप्पणी गर्छन। 'सभामुखले रुलिङ गरेर मन्त्री बोलाउनुपर्ने अवस्थाले सांसदहरुले उठाएको मागप्रति सरकार उदासिन देखिन्छ।' बजेटमाथिको छलफलको अलावा शुक्रबार प्रतिनिधिसभाले प्रतिनिधिसभाले यौन हिंसा र फौजदारी कसूर सम्बन्धी विधेयक दफावार छलफलका लागि संसदीय समितिमा पठाएको छ।

सरकारले केही दिन अगाडि प्रतिनिधिसभामा यौन हिंसाविरुद्धका केही ऐन र फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी ऐनलाई संशोधन गर्ने विधेयक संसदमा पेश गरेको थियो। दुबै विधेयकमाथि बिचारगरियोस भन्ने प्रस्तावमाथि छलफल गरेर समितिले बिचार गरियोस् भन्ने प्रस्ताव पारित गरेर संसदीय समितिमा पठाएको हो।

शुक्रबार सरकारले सदनमा दफावार छलफलका लागि संसदीय समितिमा पठाउने प्रस्ताव पेश गरेको थियो। जसलाई सांसदहरुले सर्वसम्मतिले पारित गरे। संसदीय समितिमा दफावार छलफलका लागि विधेयक पठाइएसँगै सांसदहरुले अब संशोधन प्रस्ताव राख्न सक्छन्।

ति संशेधन प्रस्तावहरुमाथि समेत संसदीय समितिमा नै छलफल हुनेछ। संसदीय समितिले दफावार छलफल सकाएर विधेयक पारित गरेर विधेयकको प्रतिवेदन हाउसमा पेश गर्नेछ। उक्त प्रतिवेदनसहितको विधेयक हाउसले पास गरेपछि राष्ट्रिय सभामा जान्छ। राष्ट्रिय सभाले पनि पारित गरेपछि दुबै सदनले गरेको संशोधन दुबै सदनले स्वीकार गरेपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणिकरण गरेपछि दुबै विधेयक ऐनका रुपमा कार्यान्वयनमा आउनेछ।

## फोहोर..

उनले सरकारले बञ्चरेडाँडा र सिसडोलवासीका माग पूरा गरेर मात्रै अघि बताइन्। मन्त्री झाँक्रीले तत्कालको समस्या समाधान गर्न सम्झौता गर्ने र त्यसपछि फर्किएर नजाने प्रवृत्तिका कारण समस्या सिर्जना भएको उनले बताइन्। अर्थात, अब काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन हुने सहरी विकास मन्त्री झाँक्रीसहित काठमाडौं उपत्यकाका जनप्रतिनिधिहरुको विश्वास छ।

## आगामी...

पनि छलफल भएको थियो। यसअघि नयाँ रोजगार गन्तव्यको खोजीको क्रममा मन्त्री श्रेष्ठले बेलायतसँग श्रम सम्बन्ध स्थापनाका लागि पहल गर्दै आएका थिए। बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ सर्भिस' र 'नेसनल हेल्थ सर्भिस'का प्रतिनिधिका साथै काठमाडौंस्थित बेलायती दूतावासका प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच विभिन्न चरणमा छलफल भई श्रम समझदारीपत्रको मस्यौदा तयार भएको हो। रोजगारीका लागि बेलायत जाने नर्सले कुनै पनि शुल्क बुझाउनु पर्ने छैन। वैदेशिक रोजगारीलाई विविधीकरण गर्ने क्रममा आफुले आकर्षक गन्तव्यको खोजी गरिरहेको मन्त्री श्रेष्ठले बताए। मन्त्री श्रेष्ठले गण्डकी प्रदेशको तनहुँ जिल्लामा कम्तीमा १ सय बेडको नर्सिङ कलेजसहितको अस्पताल निर्माण गर्ने आफ्नो योजना रहेको बताउँदै बेलायत सरकारबाट सहयोगको अपेक्षा गरेको समेत मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ। नेपालको स्वास्थ्य शिक्षाको गुणस्तर विश्वस्तरको रहेको भन्दै मन्त्री श्रेष्ठले नर्सबाहेक डाक्टर, फार्मेसिष्ट, ल्याव टेक्निसियनहरुलाई पनि बेलायतमा रोजगारी प्राप्त हुने विश्वास व्यक्त गरे। साथै सो अवसरमा नेपाली श्रमिकहरुलाई बेलायतमा रोजगारीका लागि निर्माण, ड्राइभिङ, कृषि, होटल व्यवसाय जस्ता अन्य क्षेत्रहरुमा हुने सम्भावनाबारे पनि छलफल भएको थियो।

यसैबीच मन्त्री श्रेष्ठसँग नेपालका लागि इन्डोनेसियाका गैरआवासीय राजदूत हिरु हर्तान्तो सुबोलोले शिष्टाचार भेट गरेका छन्। मन्त्रालयमा शुक्रबार भएको भेटवार्तामा उनीहरूबीच नेपाल र इन्डोनेसियाको द्विपक्षीय हित र चासोका विविध विषयमा विचारविमर्श भएको थियो।

मन्त्री श्रेष्ठले दुबै देश वैदेशिक रोजगारीमा कामदार आपूर्ति गर्दै आएका राष्ट्रहरूको साझा संस्था 'कोलम्बो प्रोसेस' तथा आबुधाबी डायलगको सदस्य राष्ट्र भएकोले वैदेशिक रोजगारीमा जाने कामदारले रोजगारदाता देशमा भोग्नुपरेका समस्याका विषयमा साझा धारणा बनाउनुपर्ने बताएको मन्त्रीको निजी सचिवालयले जनाएको छ। मन्त्री श्रेष्ठले पर्यटकीय सम्भावना बोकेका दुई मुलुकबीच पर्यटक आदानप्रदान गरेर अर्थतन्त्रमा टेवा पुर्‍याउन सकिने बताए।

## विप्रेषण...

गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्यरूपमा वृद्धि भई दुई लाख ७८ हजार २९८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६८.४ प्रतिशतले घटेको थियो।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १८५.५ प्रतिशतले वृद्धि भई दुई लाख ३० हजार ४६६ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ५४ प्रतिशतले घटेको थियो। सो अवधिमा खुद ट्रान्सफर ०.०१ प्रतिशतले वृद्धि भई रु नौ खर्ब तीन अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १७.१ प्रतिशतले बढेको थियो। पछिल्ला दिनमा विदेशीको मुद्राको सञ्चितिमा दबाव परिरहेको बेला विप्रेषण आप्रवाहमा भएको वृद्धिले सकारात्मक सन्देश प्रवाह भएको छ।

उता सरकारले अनेक प्रयास गरे पनि विदेशी मुद्राको सञ्चिति ओरालो लाग्ने क्रम रोकिएको छैन। पछिल्लो १० महिनामा विदेशी मुद्राको सञ्चितिमा २१.१ प्रतिशतले कमी आएको पाइएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आवको १० महिनाको विवरणअनुसार विदेशी मुद्रा सञ्चिति मात्रै नौ अर्ब २८ करोड अमेरिकी डलर बराबर कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार २०७८ असार मसान्तमा रु १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १८ प्रतिशतले कमी आई २०७९ वैशाख मसान्तमा रु ११ खर्ब ४६ अर्ब ८८ करोड कायम भएको थियो। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा २१.१ प्रतिशतले कमी आई नौ अर्ब २८ करोड कायम भएको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा १८.३ प्रतिशतले कमी आई रु १० खर्ब १७ अर्ब २७ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु एक खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा १६.१ प्रतिशतले कमी आई रु एक खर्ब २९ अर्ब ६१ करोड कायम भएको छ।

त्यस्तै २०७९ वैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २५.१ प्रतिशत छ। चालु आवको दश महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.३४ महिनाको वस्तु आयात र ६.५७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

---

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०२/२८

यस कम्पनीको मिति २०७९/०१/२२ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साविक कम्पनी **स्टडी अफेयर्स कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १९०२२३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रोफाउण्ड मल्टीनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७०/०८/०७ गते प्रा.लि.नं. ११७३०१/०७०/०७१ मा दर्ता भएको **आमा सरस्वती गीता देवी फिल्मस् प्रा.लि.**को वार्षिक साधारण सभाले त्यस कम्पनीलाई स्वेच्छामा खारेज गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ बमोजिम खारेजी प्रक्रियामा लागीएको हुँदा उक्त कम्पनीसँग कोही कसैको लेन देन बाँकी भए तल उल्लिखित ठेगानामा लिखीत प्रमाण सहित आजका मितिले ३५ दिन भित्र दावी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कुनै दावी उजुरी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**लिक्वीडेटर प्रदिप कुमार यादव**
**इजाजत नं. ४९४**
**ललितपुर म.न.पा-०३, ललितपुर**
**मोवाईल नं. ९८५१०८७३४३**

---

**प्रदेश सरकार**
**सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

### पूर्वाधार विकास कार्यालय

उदयपुर, प्रदेश नं १

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति:२०७९/०२/२८)**

यस कार्यालयको बार्षिक कार्यक्रम अनुसार मुख्यमन्त्री ग्रामिण सडक तर्फका तपसिल बमोजिमको ठेक्काहरुको लागि मिति २०७९/०१/२७ मा प्रकाशित सूचना अनुसार E-Submission बाट दर्ता भई तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि प्रकाशित मिति देखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं | ठेक्का न. | कार्यको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कवोल रकम (मु.अ.कर र पि.एस.समेत ) रु |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/12/078-079 | Upgrading of Kharmi-Jalpa Road, Khotang | Akrit Nirman Sewa Pvt. Ltd., Kathmandhu | २५८५५१४।५८ |

---

## Invitation for Bids

**RATNANAGAR MUNICIPALITY**

### Invitation for Sealed Quotation for the Construction of Embankment and launching for Kayar Khola Downstream Bhutiya, Ward-16

**Date of publication: 2079/02/28**

1. **Ratnanagar Municipality,** Chitwan invites sealed quotation from Nepalese eligible bidders for the **"Construction of Embankment and launching for Kayar Khola Downstream Bhutiya, Ward-16 "** under National Competitive Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ratnanagar Municipality, Bakulahar, Chitwan. Tel No: 056-560529, Email: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np.**
3. A complete set of Bidding Documents may be purchased from the office of Ratnanagar Municipal Executive, Chitwan by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs.1000.00 till 3rd Asar, 2079** during office hours in **Ratnanagar Na.Pa. (GA-1-1) –Aantarik Khata, No. 1830100301010003 at Rastriya Banijya Bank, Bharatpur, Chitwan**
4. Sealed bids must be submitted to the office of Ratnanagar Municipal Executive by hand on or before 12:00 on 4th Asar, 2079. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1 pm on 4th Asar, 2079** at the office of Ratnanagar Municipality, Bakulahar, Chitwan. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to **NRs. 50,000.00 (Fifty Thousands Rupees)** which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit the cash security, the cash should be deposited in **Dharauti Account (Ratnanagar Na.Pa. (GA-3)) No: 1830100303000003** at Rastriya Banijya Bank, Bharatpur, Chitwan and submit the receipt of the deposited amount of cash along with Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation.

| IFB NO./PROJECT NAME | Estimated Amount (Without VAT) | BID SECURITY AMOUNT | BID SECURITY PERIOD |
|---|---|---|---|
| RAT/CHITWAN/Works/SQ/11/078-079 " Construction of Embankment and launching for Kayar Khola Downstream Bhutiya, Ward-16" | 17,30,327.92 | 50,000.00 | 75 DAYS |

**Chief Administrative Officer**

---


## यूएईमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: **GRANITE CONSTRUCTION COMPANY WLL** शहर: UAE

पुर्व स्वीकृत मिति: २०७९/०१/१९ चलानी नं.: ६०१७८८३३ LT. No.: 262653 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 49 | 0 | सम्बन्धित काममा दक्ष | 850 | २८,७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver & Labour | 10 | 0 | | 2000 | ६७,५८० | | | | | | | |
| 3. | Labourer | 144 | 0 | | 800 | २७,०३२ | | | | | | | |
| 4. | Mason | 48 | 0 | | 900 | ३०,४११ | | | | | | | |
| 5. | Scaffolder | 50 | 0 | | 1200 | ४०,५४८ | | | | | | | |
| 6. | Steel Fixer | 48 | 0 | | 800 | २७,०३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ४ गते (18 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९ बिर्तामोड सम्पर्क ९८५२६७९९१७, ९८१४९३७७८६ ९८१३२३५०४९ इटहरी सम्पर्क ९८२३४८६६८२, जनकपुर सम्पर्क ९८०७८०६४५४, काठमाडौं सम्पर्क ९८०११४६२३३३
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



## मलेसियामा रोजगार

कम्पनी : AV MANUFACTURING SDN. BHD. शहर: Sembilan

पूर्व स्वीकृत मिति : २०७९/०२/२७ चलानी नं.: ६०१८०७४३ LT. No.:264660

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ४ गते (18 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Yacca याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. १७८/०५७/०५८
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फ्याक्स: ४४३२६६६
फोन: ४४३२१११, ९८०१०३७७६९, ९८०१०३७७५६, ९८०१०३७७६७

## कथा

# प्रतिज्ञा



■ रुक्मिणी शर्मा, असम, भारत ।

भाविको लेखन कसले पो टाल्न सक्छ र ? कसै गर्दा मन बुझाउन सकिदैन । हिजोसम्म सपरिवारले परिपूर्ण भएको रत्ने दाईको घरमा आज चारैतिर निःस्तब्ध छ । कसैको मुखबाट एउटा शब्द पनि निस्केको छैन । रत्ने दाई दुई/चार दिनदेखि अलिक बिरामी भएका थिए । असारको महिना मुठि खाएर मानो कमाउने बेला । उनीहरुको वर्ष दिनको खोराकी, चाडवाडको खर्च, तेल-नुन खाने, नानीहरूलाई स्कूल पढाउने, लुगाफाटा आदि सबै थोकको खर्च त्यही खेतको धानले पुऱ्याउनु पर्ने थियो । र खेति उठाएर मात्र अस्पताल जान्छु भन्दै घरमै जुवानाको झोल, तुलसी पातको रस, नीम पत्ताको गोली एस्तै के-के औषधि बनाएर खादै खेतमा काम गर्ने गर्दछन् । कहिले सन्चो हुन्छ कहिले हुँदैन यस्तै चलिरहेको थियो । जसै तसै खेति उठाएर अस्पताल जँचाउन भन्दै छोरीको साथ लागेर गए ।

डक्टरले मिर्गौला, मुटु र सुगरको जाँच गर्नुपर्छ, अनि मात्र औषधि दिइन्छ भने । उनीहरूले जाँच गराउछन् तर, बिरामीको केही पत्तो लाग्दैन । दुई/चार थोक भिटामिन, ग्याष्ट्रिकको औषधि दिएर डक्टरले भन्छन्, "यति खाए पछि जाति हुन्छ, चिन्ता गर्नु पर्दैन ।" डाक्टरको सल्लाहअनुसार औषधि लिएर घर फिर्ता हुन्छन् । औषधि खाँदा पनि बिरामीलाई राम्रो भएको छैन । रत्नेलाई झन् शरिर कमजोर लाग्न थाल्यो, खाने कुराको कोही स्वाद आउदैन हात खुट्टा चल्न छोडे ।

त्यो दिन शनिबार थियो, साँझ पर्दै गयो रत्नेदाईको टाउको सहन नसक्ने गरि दुख्न थाल्यो । ज्वरो बेस्सरी आयो । सेक, ताप गरेर जसै तसै उज्यालो भयो र आमा छोरी भएर अस्पताल लिएर गए । डाक्टरले 'कोभिड-१९' जाँच गराउनु पर्छ भन्दै 'लेव' तिर लिएर गए । जचाए पछि त साच्चै नै 'कोभिड-१९' भएको भेटियो । आमा छोरी डरले थुरथुरि हुन थाल्ये । के गर्नु र कसो गर्नु केही भेउ नपाउने जस्ता भए ।

त्यत्तिकैमा डक्टरले, "अब बाबुलाई क्वारेन्टाइन सेन्टरमा भर्ना गर्नुपर्छ, तपाइँहरु घर फिर्ता जाँदा हुन्छ । उहाँको हेरचाह हामी गर्छौं" 



भने । तर छोड़ेर फर्किनु कसरी ? आमा र छोरी बिलखबन्दमा परे । तैपनि मुटुमा ढुङ्गो राखेर घर फिर्ता हुन आँटे । मन मान्दैन पाइला चल्दैनन् । निरुपाय भएर छोरीले फेरि सोधिन्, "के-कस्तो होला डक्टर साहेव..? कति दिन राख्नुपर्छ ?" उनलाई बाबु अर्काको हातमा सुम्पिदाँ दिएर जान मन छैन । तैपनि खेरि खेरि सोध्दा डक्टर भन्छन्, "सात दिन पछि जाँच गर्दा मात्र थाहा पाइन्छ अनि हामी हजुरहरुलाई खबर दिन्छौं ।"

डाक्टर नर्सले दिन रात एकाएक गरेर चिकित्सा गरे । तर केही सीप चलेन । चार दिन पछि रत्नेदाईको देहान्त भयो । हेरत.. कस्तो बिडम्बना ...त्यसै दिन छोरीको १२ कक्षाको रिजल्ट निस्कियो । उनी ९० प्रतिशत नम्बर लिएर पास भएकी रैछिन । यता अस्पतालबाट बाबुको शव ल्याएर आँगनमा तुलसाको मठ नेर राखेको हुन्छ ।

> छोरी सरासर भित्र जान्छिन् र उनको मार्कसिट ल्याएर बाबुको छातीमा राखेर रुँदै भन्छिन्, "बाबु .... तपाईं मेरो जन्म दिनमा आशीर्वाद दिँदै भन्नु हुन्थ्यो, राम्रो रिजल्ट गर्नु । आजको विद्यार्थी, समाज तथा देशको भविष्य हो । तिमी मेरो सपना हौ, अन्यायको अघि नझुक्नु र सत्यमा कहिल्यै पछि नसर्नु भनेर । हेर्नु आज मैले राम्रोगारि पास गरे । तपाईं हामीबाट टाढिएर गएता पनि 'म' तपाईंको सपना निश्चय साकार गर्ने छु । तपाईंको आशीर्वाद शिरोधार्य छ ।"

छोरी सरासर भित्र जान्छिन् र उनको मार्कसिट ल्याएर बाबुको छातीमा राखेर रुँदै भन्छिन्, "बाबु .... तपाई मेरो जन्म दिनमा आशीर्वाद दिँदै भन्नु हुन्थ्यो, राम्रो रिजल्ट गर्नु । आजको विद्यार्थी, समाज तथा देशको भविष्य हो । तिमी मेरो सपना हौ, अन्यायको अघि नझुक्नु र सत्यमा कहिल्यै पछि नसर्नु भनेर । हेर्नु आज मैले राम्रोगरि पास गरे । तपाईं हामीबाट टाढिएर गएता पनि 'म' तपाईंको सपना निश्चय साकार गर्ने छु । तपाईंको आशीर्वाद शिरोधार्य छ ।"

## कथा

मातृका पोखरेल



# थवाङ हेर्ने रहर

चिकित्सकहरूसहितको हाम्रो एउटा टोली तुरुन्त पश्चिम नेपालतिर हिँड्ने तयारीमा लाग्यो । हिँड्ने बेलामा मैले आमासँग भनेँ, "म गरिब जनताको सहयोगका लागि पश्चिम नेपालको गाउँतिर जाँदै छु, बुबालाई भनिदिनू ।" आमाको आँखामा आँसु डबडबाइरहेको देखेँ । "मेरा खुसीका आँसुहरू हुन् यी । गरिब जनताको सहयोग गर्ने भनेपछि म भित्रभित्रै खुसी भएँ ।" आमाले तुरुन्त सम्हालिएर स्पष्टीकरण दिनुभयो । "बुबाले पनि यसरी सोचिदिएको भए... !"

म घर आइपुग्दा बेलुकाको सात बजिसकेको थियो । हिजोआज घर आइपुग्दा प्रायः ढिलै भइसकेको हुन्छ । बरु आज चाँडै घर आएको थिएँ म । घरको वातावरणले हुनुपर्छ, मलाई अचेल चाँडै घर आउन मन लाग्न छाडेको छ ।

कलेजमा पढ्दापढ्दै मेरो सम्बन्ध विद्यार्थी संगठनको माध्यमबाट राजनीतिक पार्टीसम्म पुगेको थियो । मैले त्यहाँ नयाँ चिन्तन र दृष्टिकोण बोकेका मानिसहरू देखेँ । आफू जुन परिवेशमा हुर्किरहेको थिएँ, त्यहाँको वातावरण अत्यन्त अस्वस्थकर लाग्थ्यो । म हुर्किएको ठाउँमा जीवन भनेकै पैसाका लागि मात्र हो भन्ने विचारले घरजम गरेको थियो । तर, यो संसार त्योभन्दा केही फरक थियो । यहाँ पनि अस्वस्थ मान्छेहरू नभएका भने पटक्कै होइनन् । तर, केही फरक थियो यहाँको वातावरण । यहाँ मानिसको मूल्यलाई पैसामा होइन, अन्य सिर्जनात्मक कुराहरूमा खोजिँदो रहेछ । विस्तारै राजनीतिसँग मेरो सम्बन्ध बढेको कुरा चाल पाएपछि बुबा झनै चिन्तित हुनुहुन्थ्यो ।

कलेजमा साथीहरूसँग कुरा गऱ्यो, पुस्तकालयतिर बस्यो, देशको अवस्थाबारे छलफल गऱ्यो, केही समयदेखि मलाई यसैमा आनन्द लाग्न थालेको थियो । धेरै काम नहुँदा नहुँदै पनि अचेल म घर पुग्दा प्रायः अबेर भइसकेको हुन्थ्यो । म घरमा अबेर गरेर पुगेको बुबालाई मन पर्ने कुरै थिएन । आमा असाक्षर र सोझी हुनुहुन्थ्यो । त्यसैले उहाँलाई यी सब कुरासँग कुनै मतलब थिएन । बुबा उद्योग मन्त्रालयमा सहसचिव हुनुहुन्थ्यो । बुबाको करिब-करिब 'रिटायर्ड' हुने बेला पनि भइसकेको थियो ।

हामीले केही महिनाअघि मात्र मैतिदेवीको पुरानो घर बेचेर नयाँ बानेश्वरमा एउटा घर किनेका थियौं । हामीले किनेको नयाँ घर अत्याधुनिक थियो । प्रशस्त खाली ठाउँ भएको र विभिन्नखाले रूखबिरुवाहरूले भरिएको बगैँचा थियो । कार्यालयबाट फर्कनेवित्तिकै बुबा मलाई पर्खिरहनुहुन्थ्यो । मलाई लिएर टोलतिर परिचय गराउनुहुन्थ्यो । कार्यालयबाट फर्किएपछि परिचितहरूको घरमा जाने र नयाँ-नयाँ परिचय खोज्ने बुबाको आदत जस्तै भइसकेको थियो ।

"ए, यता सुन् !" म गेटबाट भित्र पस्न मात्र के लागेको थिएँ, बुबाको स्वरले एकाएक झस्किएँ ।

बुबाको स्वर अरु दिनभन्दा अलिक बढी कडा थियो । बुबा बगैँचामा एक्लै टहल्दै हुनुहुँदो रहेछ । गेटभित्र पस्नेवित्तिकै दाहिनेतिर बीचबीचमा चाइनिज दुबो लगाएको, वरिपरि विभिन्न फूलका बिरुवाहरू र विभिन्न रूखहरूले घेरिएको बगैँचा निकै सुन्दर र फराकिलो थियो । मलाई केही भन्नका लागि उहाँ त्यतिबेला बगैँचामा घुमिरहनुभएको थियो । नत्र उहाँले बगैँचातिर यसरी घुम्ने गरेको मैले योभन्दा पहिले कहिले पनि देखेको थिइनँ । बुबाको कडा स्वर सुन्नेवित्तिकै म टक्क उभिएँ ।

"तेरो जागिरको विषयलाई लिएर आज मैले स्वास्थ्य सचिवसँग कुरा गरेको छु । एक हप्तापछि गएर तैले उहाँलाई भेट्नू !" बुबाले मतिर नहेरीकन उस्तै कडा स्वरले भन्नुभयो ।

मैले कुनै पनि प्रतिक्रिया दिन आवश्यक ठानिनँ । मलाई थाहा थियो, उहाँ मेरो बाटोमा कुनै न कुनै अवरोध खडा गर्न र मलाई अन्यत्र मोड्न चाहनुहुन्थ्यो । मैले भर्खरै मात्र चिकित्साशास्त्रबाट स्नातकोत्तर (एम.डी.)को परीक्षा सिध्याएको थिएँ । जागिरका लागि धेरैतिर सम्भावनाहरू थिए ।

समाज सेवा र राजनीतिसँग मेरो सम्बन्ध बढ्न थालेकोमा बुबा अत्यन्त असन्तुष्ट हुनुहुन्थ्यो । मेरै अगाडि सिधै भन्न सक्नुभएको त थिएन तर, विभिन्न कोणहरूबाट उहाँको असन्तुष्टि झल्किन्थ्यो । मलाई भेट्न घरमा आउने साथीहरूलाई उहाँले असहिष्णु आँखाले हेर्न थाल्नुभएको थियो । कलेजका विद्यार्थी साथीहरूमार्फत् म राजनीतिक संगठनको नजिक पुगेँ । समाजका लागि मेरो पनि केही भूमिका हुनुपर्छ भन्ने मलाई पहिलेदेखि नै लागिरहन्थ्यो । त्यसका लागि राजनीतिक पार्टी उपयुक्त र प्रभावकारी ठाउँ हो भन्ने मलाई लाग्यो । म संलग्न भएको पार्टीसँग देश र जनतालाई दिशानिर्देश गर्ने उपयुक्त विचार थियो ।

बुबाले भन्दा फरक ढंगले मैले जागिरलाई सोच्न थालेको थिएँ । जागिर खाएर पैसा मात्र कमाउने सोचबाट मुक्त भएको थियो मेरो मानसिकता । मभित्र बुबाको सोचाइअनुसारको जागिरप्रति क्रमशः घृणा हुर्किरहेको थियो ।

"अनावश्यक यस्ता समाचारहरू हेरेर समय नास गर्ने !" आमा र मैले टेलिभिजनको समाचार हेरिरहेको बेला बुबाले 'मेन स्विच अफ' गरेर टेलिभिजन बन्द गरिदिनुभयो । आमा र म दुवै असमञ्जस्यमा पऱ्यौँ । किन यस्तो भयो ? बुबाले यसप्रकारको व्यवहार पहिलो पटक देखाइरहनुभएको थियो । मैले आमाको मुखतिर हेरेँ । आमा छक्क परिरहनुभएको थियो ।

"के भयो र !" हामी समाचार हेरिरहेका थियौँ । आमाले बुबाको मुखतिर हेरेर सुस्तरी भन्नुभयो ।

"यस्ता समाचारहरूले गर्दा यहाँ भद्रगोल भइसक्यो", अत्यन्त क्रोधित हुँदै बुबाले आमालाई जवाफ दिनुभयो ।

बुबाको कुरा त मैले बुझिसकेको थिएँ तर, आमालाई त्यो कुरा बुझ्न सहज थिएन । एक/दुई वर्षअघि मात्रै त हो, टेलिभिजनबाट प्रसारित टेलिसिरियलहरू हेर्नै पाउँदैनथ्यौं आमा र मैले । बुबा त्यसबेला समाचारका च्यानलहरू 'सर्च' गरिरहनुहुन्थ्यो । बुबा हामीसँग यस्ता टेलिसिरियलहरू हेरेर समय बर्बाद गर्नु हुँदैन भन्नुहुन्थ्यो ! र, समाचार हेर्न प्रेरित गर्नुहुन्थ्यो । विस्तारै विस्तारै आमाको पनि बानी पर्दै जान थाल्यो समाचार हेर्ने । मलाई पहिलेदेखि नै दुवै कुराको उत्तिकै चासो थियो । पछि पछि नियमित रुपमा टेलिसिरियलहरू हेर्न नपाएपछि मलाई पनि त्यसप्रतिको रुची कम हुँदै गयो । विस्तारै विस्तारै समाचारप्रति मेरो आकर्षण बढ्दै गयो । चाहेर नचाहेर पनि आमाले समाचारहरू हेर्न थाल्नुभयो । बुबा नभएको मौका पारेर कहिलेकाहीँ टेलिसिरियलहरूमा अनियमित आँखा पुऱ्याउनुहुन्थ्यो । नियमित हेर्न नपाएपछि टेलिसिरियलहरूप्रतिको चासो आमालाई पनि विस्तारै कम हुन थालेको थियो ।

बुबाले त्यसो भनिरहँदा आमाको आँखा प्रश्नै प्रश्नले भरिएको थियो । म स्थिर भएर बुबाको अनुहार हेरिरहेको थिएँ । मलाई थाहा थियो, बुबा मसँग केही कुरा गर्ने अवसरको प्रतीक्षामा हुनुहुन्थ्यो । मैले जतिसुकै कुरा गरे पनि बुबाले त्यसलाई सकारात्मकरूपले ग्रहण गर्नुहुन्न भन्ने कुरामा म ढुक्क थिएँ ।

बुबा घाइते योद्धाजस्तो अनुहार बनाएर एकोहोरो मतिर हेरिरहनुभएको थियो । मेरो हालत पनि खोरमा थुनिएको पाठोजस्तै भएको थियो । कतै उम्किने ठाउँ थिएन । "हिजोआज तेरो संगत फटाहाहरूसँग बढिरहेको छ । ती फटाहाहरूसँगको संगत अब तैंले छाड्नैपर्छ ।" यति भनिसकेपछि बुबा फेरि मलाई घुरेर हेर्न थाल्नुभयो ।

आमाका लागि यो नितान्तः नौलो कुरो थियो । उहाँ अप्रत्याशित र नौलो कुरा सुनेझैं गरेर हामी दुवैजनातिर हेर्दै केही कुरा बुझ्ने कोसिस गर्दै हुनुहुन्थ्यो ।

"मैले जोसँग संगत गरेको छु, ती मानिसहरू हाम्रो समाज र देशका अत्यन्त असल मानिसहरू हुन् ।" पहिलोपटक बुबासँग प्रत्युत्तर गरेँ मैले ।

बुबाले भनेको कुरामा विवाद नगर्ने परम्पराजस्तै थियो घरमा । तर, त्यसबेला बुबाको कुरामाथि प्रतिवाद नगरी बस्नै सकिनँ मैले । बुबाको कुरामाथि प्रतिवाद गरेको सुनेर आमा पनि छक्क परिरहनुभएको थियो र मेरो मुखमा क्वाक्क्वार्ती हेरिरहनुभएको थियो । आमाले पनि पहिलोपटक यस्तो घटना देखिरहनुभएको थियो । बुबाले पनि अचम्म मान्नुभएको हुनसक्छ । उहाँले पनि मैले यसरी प्रतिवाद गर्छु भनेर पक्कै सोच्नुभएको थिएन होला ।

"ती फटाहाहरूसँग संगत गरेको देखेँ भने अब राम्रो हुन्न । मलाई त्यो कम्युनिस्ट भन्ने जातै मन पर्दैन ।" बुबाले अन्तिम निर्णय सुनाउनुभयो ।

"तपाईंले ज-जसलाई फटाहा देख्नुभयो, ती त असल मानिसहरू हुन् । देशको चिन्ता गर्ने मानिसहरू हुन् । बरु, तपाईंका साथीहरू सोच्नुस् त !" मेरा साथीहरूप्रतिको गलत आरोप सहन मलाई उचित लागेन ।

बुबासँग प्रतिवाद गरेको देखेर आमाले अचम्म मान्दै हामी दुवैजनातिर पालैपालो हेरिरहनुभएको थियो । उहाँको अनुहारभरि सन्त्रास दौडिरहेको देखिन्थ्यो । त्यहाँ उहाँले कहिल्यै नदेखेको र कल्पना नगरेको कुरा भइरहेको थियो ।

"मेरा साथीहरूलाई के देखिस् तैंले ?" बुबा पनि आक्रोशित हुनुभयो ।

"तपाईंका साथीहरू भ्रष्टाचार गर्न पाउनुलाई ठूलो भाग्य सम्झन्छन् । रुपैयाँ पैसालाई इज्जत नाप्ने साधन ठान्छन् । के तपाईंका ती साथीहरू यो समाज र देशका असल मान्छेहरू हुन् ?" बुबाको दृष्टिकोणप्रति प्रतिवाद गर्ने मेरो सुषुप्त इच्छा पूरा भएकोमा म आज रोमाञ्चित पनि भइरहेको थिएँ ।

म बुबाका अघिल्तिर अझै कुरा गर्न चाहन्थेँ । तर, बुबा मैले प्रतिवाद गरेको सुन्न चाहिरहनुभएको थिएन । मेरो कुरा पूरा हुन नपाउँदै बुबा कोठाबाहिर निस्कनुभयो ।

"बुबा र तेरो कुरा के हो ? मैले त केही बुझिनँ नि !" आमाले वाल्ल परेर मतिर हेरिरहनुभएको थियो ।

"हेर्नुस् न, मेरा साथीहरू खराब छन् रे ! उहाँका साथीहरू असल छन् रे ! मैले मेरा साथीहरूसँगको संगत छाड्नुपर्छ रे !" मैले आमाको उत्सुकता केही मेटाउने प्रयत्न गरेँ । "होइन, तेरा साथीहरू त धेरै असल छन् । बुबाका साथीहरू पैसा कमाउनेबाहेक अरु कुरै गर्दैनन् । सधैंभरि तास खेल्यो, रक्सी खायो । म पनि दिक्क भइसकेँ । बुबाका साथीहरू त मलाई पनि मन पर्दैनन् ।" यति भनिसकेपछि आमाले एकपटक लामो सास फेर्नुभयो ।

अशिक्षित र सोझी आमाले गरेको यो मूल्यांकन मेरा लागि ठूलो प्रोत्साहन थियो ।

रोल्पा, रुकुमलगायत पश्चिमी नेपालका केही जिल्लाहरूमा फैलिएको हैजाले महामारीको रुप लिन थालेको थियो । हामी भर्खरै पढाइ सिध्याएका र पढ्दै गरेको चिकित्साशास्त्रका विद्यार्थीहरू त्यस क्षेत्रमा गएर उपचार गर्न हौसियौँ । पार्टीलाई नै हामीले प्रस्ताव पठायौँ । हामीले अनुमति मात्र पाएनौँ, हाम्रो कार्यप्रति पार्टीले विशिष्ट मूल्यांकन गरेको खबर पनि पायौँ । त्यस क्षेत्रमा सरकारको कार्य प्रभावकारी हुन सकिरहेको थिएन ।

"यही मौका हो जलजला पहाड हेर्ने ।" डा. अन्जानले खुसी व्यक्त गऱ्यो ।

"थवाङ हेर्ने मेरो पुरानो रहर पूरा हुने भयो ।" डा. विराज पनि रोमाञ्चित भयो ।

"के त्यस्तो छ र थवाङमा ?" मैले केही थाहा पाएजस्तो गरेँ ।

"त्यति दुर्गम गाउँ पनि राजनीतिक रुपले कसरी त्यति सचेत हुन सक्यो ?" मभित्र धेरै पहिलेदेखि यो प्रश्न उठिरहेको थियो । मैले पनि उसको कुरामा सहमति जनाएँ ।

चिकित्सकहरूसहितको हाम्रो एउटा टोली तुरुन्त पश्चिम नेपालतिर हिँड्ने तयारीमा लाग्यो । हिँड्ने बेलामा मैले आमासँग भनेँ, "म गरिब जनताको सहयोगका लागि पश्चिम नेपालको गाउँतिर जाँदै छु, बुबालाई भनिदिनू ।"

आमाको आँखामा आँसु डबडबाइरहेको देखेँ ।

"मेरा खुसीका आँसुहरू हुन् यी । गरिब जनताको सहयोग गर्ने भनेपछि म भित्रभित्रै खुसी भएँ ।" आमाले तुरुन्त सम्हालिएर स्पष्टीकरण दिनुभयो ।

"बुबाले पनि यसरी सोचिदिएको भए...!" कल्पनाको सुन्दर संसार बनाउँदै एउटा झोला बोकेर बाटो लागेँ ।

*चन्द्रागिरी साहित्यिक त्रैमासिकबाट*

## कविता

### सेतु बिक



लेखराज रेग्मी, दाङ

खोजेर थोरै परिवर्तन
द्वन्द्वका घाउहरुको दुःखाई खप्न नसकेर
सामाजिक न्यायको नाममा
पार्टीहरु संघ संस्थाहरु लागिरहँदा
गल्लीका जुलुसहरु ! नाराहरु !
सुन्दा सुन्दै गुन्दा गुन्दै
पीडादायी बन्दै गरेका द्वन्द्वका खबर
जो पर्दा नि मारिने आफन्तहरु
बुट र बन्दुकको प्रजातन्त्र ॥

फेर्ने रहरले, थोरै हेर्ने रहरले तानेर
सडकमा पुगेकी उ जब घायल भएर ढली
हस्पिटल पुऱ्याउनेमा सहयोग थियो
हातेमालो थियो मेलमिलाप थियो ।
मृत घोषणा हुँदा, लाश जिम्मा लिँदा
मलामी र दाहसंस्कारसम्म उ साझा सहिद भयो
साझा घोषणा, साझा कार्यक्रम ।
यसपछि उठ्यो लाशमाथिको राजनीति
तर उसले कसैको सदस्यता नविकरण गरिन
पार्टी बदल्ने छ, महिने अभियान गरिन
हामीलाई न जन्मदिन याद रह्यो न मृत्यु
भेदभाव भोगेकि सेतु बिकले उसले
रगतसँग साटेको लोकतन्त्रमा
न हकदाबि गरी न पनपक्षे, बस ! बराबरी ॥


बैंस त थियो होला
थिए होलान् लालची आँखाहरु
पाखण्डी हेराईहरु इर्ष्यालुहरु
हिजो कामले फुर्सद थिएन मन लागेन
आज शालिकले प्रतिकृया दिने कुरै भएन
त्यसैले मौन थिए आफन्तीहरु सम्बन्धहरु
सक्रिय थिए आस्थाको व्यापारीहरु तर
उसलाई वास्ता भएन प्रतिकृया भएन ॥

लाशको मौनताले मन पगाल्छ
दुश्मन पनि झुक्छ लाशसँग तर
दुश्मनी जो जिउँदा गरिएन कसैसँग
हुँदोरहेछ दुश्मनी शालिकसँग
उ ठाडिएको ठाउँसँग
प्रत्येक पर्वमा लगाइने खादा र मालासँग
मुट्ठी उठाएर खाइने कसमसँग
यो सब साझा हुँदो रहेछ त्यसैले
उसले आर्जन गरेको ताकतसँग ॥

कालो सोंच हुनेहरु अध्यारो रुचाउछन्
र काला कर्तुत अध्यारैमा हुन्छन्
कालो सोँचका विरुद्ध लड्ने हिम्मत गर
रातभर जाग्राम बस्न तैयार होऊ
र पड्ताल गर उ किन ढुंगा हान्न आयो
उसलाई निसाफको लडाइँ मनपरेन
उसको जवानीले भोक मेट्न पाइएन ॥

ढालि सकेर बन्दुकले
अझै झन प्रखर बनेर उभिएको देखेर
उखरमाउलो भैरहेकोले हो की कतै
या हिनता ग्रन्थीले दिमागी सन्तुलन गुमेर हो
जे होस् शालिकसँग दुश्मनी होस् या सेतुसँग
यो दुश्मनी परिवर्तनसँग हो उज्यालोसँग हो
त्यसैले हामी आफैले खोज्नुपर्छ निकास
निसाफ र फैसला भोट ठग्ने दलालले होइन
जनताले जनताकै पक्षमा गर्नुपर्छ
शालिक होस् या मान्छे
सेतु बिकले न्याय पाउनुपर्छ ॥

## दुई मुक्तक



नानु राना थापा, स्याङ्जा
(हालः बेलायत)

१.
चाहिनेभन्दा बढी महत्वकांक्षा लिनु हुन्न मनमा
प्रतिकार गरिहाल्नू है, कसैले छोयो भने तनमा ।
भोका ब्वाँसोहरू लालायित छन् हाम्रै वरपरतिर
नपर्नू विभिन्न डर धम्कि अनि कुनै प्रलोभनमा !!

२.
अहंकारको रापमा नजल्ने को पो छ होला अछुतो ?
अरूको प्रगतिमा डाहले छट्पटिन्छन् आए झैं लुतो ।
सधैँ आफै मात्र सही, र बाँकी हुँदैनन् सबै गलत
हुँदैरै'छ धान खाने मूसो,अनि चोट पाउँने भ्यागुतो !

# बक्स अफिस समाचार

## नीति शाहको डेब्यू फिल्म को सँग ?



**काठमाडौं/मस-** नीति शाह, मोडलिङको क्षेत्रमा एक स्थापित नाम हो । जसरी उनको सुन्दरताको चर्चा चल्छ अहिले त्यसरी नै उनले फिल्मा डेब्यू गर्ने विषय चर्चामा छ । मिस नेपालमा भाग लिएपछि चर्चामा आएकी नीति शाह अहिले फिल्म क्षेत्रको साथ खोज्दैछिन् । केही बर्ष अगाडि उनलाई नेपाली फिल्मका चर्चित ब्यानर र निर्माताले फिल्ममा अफर नगरेका होइनन् । तर, उक्त समयमा नीतिले फिल्म क्षेत्रलाई मतलब नै गरिनन् ।

उनले विज्ञापन र इभेन्टमै आफूलाई सीमित राखिन् । यद्यपि पछिल्लो समय उनले फिल्ममा आउने तयारी शुरु गरिन् । फिल्मले दिलाउने नाम र दामकै कारण उनी फिल्म प्रति आकर्षित भएको धेरैले अनुमान गरेका छन् । उनी फिल्म खेल्ने सोच मात्र नभई आफैं फिल्म निर्माणमा सहकार्य गर्न समेत तयार छिन् । उनले फिल्ममा डेब्यू गर्नको लागि अनमोल केसी र प्रदीप खड्का समेत रोजेकी छिन् ।

केही समय अगाडि नीतिले भुवन केसीलाई आफू फिल्ममा आउन तयार रहेको सन्देश समेत पठाएकी थिइन् । भुवनले बनाउने भनिएको फिल्म 'पारस'को काम शुरु भएमा सम्भवत उनी अभिनेत्रीमा कास्ट हुनेछिन् । यद्यपि भुवन पछिल्लो समय चलचित्र विकास बोर्डको अध्यक्ष बन्ने दौडमा रहेकाले तत्कालै फिल्मको काम शुरु हुने सम्भावना देखिएको छैन ।

यस्तै, नीतिले अनमोलसँग डेब्यू नभएमा प्रदीपको जोडी बन्ने सोच बनाएकी छिन् । प्रदीप खड्काको अभिनय रहने फिल्म 'हुतुतु' मा उनलाई अफर गरिएको थियो । त्यो समयमा उनले अफर अस्वीकार गरिन् । तर अहिले उनी फिल्म प्रति इच्छुक छिन् । कमेडी जनरा फिल्म बन्ने भएता पनि उनी प्रदीपको अपोजिटमा डेब्यू गर्न तयार छिन् ।

फिल्ममा आउन ढिलो हुनुको कारण पढाई रहेको उनको भनाइ छ । उनले एक अन्तर्वार्तामा भनेकी छन्, 'मिस नेपालमा भाग लिइसकेपछि चलचित्रबाट अफर आए पनि त्यसबेला मैले पढाईलाई मात्र ध्यान दिएको थिएँ । त्यसबेला मलाई चलचित्रमा काम गर्न सक्छु भन्ने कन्फिडेन्ट पनि थिएन । तर, मलाई अभिनयप्रति रुचि भने थियो । अहिले चाहिँ म चलचित्र गर्न सक्छु भन्ने लागेको छ ।'

भोलिका दिनमा आफूले अभिनय गरेको चलचित्र हिट वा फ्लप जे भएपनि आफ्नोतर्फबाट सकेको मेहेनत र प्रयास गर्न नछाड्ने उनको अठोट छ । केही समय अगाडि एक हिन्दी गीतको म्यूजिक भिडियोमा अभिनय गरेपछि चलचित्रमा काम गर्नका लागि आत्मविश्वास पलाएको नीति बताउँछिन् । उनी चलचित्रमा डेब्यू गर्नुअघि केही समय अभिनयको कक्षा लिने योजनामा पनि छिन् ।

## अस्ट्रेलियाका नेपालीको कथामा 'डलर एयुडी' बन्ने

**काठमाडौं/मस-** देवकुमार श्रेष्ठको निर्देशनमा फिल्म 'डलर एयूडी' निर्माण हुने भएको छ । बिहीवार राजधानीमा आयोजित एक कार्यक्रमका बीच घोषणा गरिएको फिल्मले अस्ट्रेलियामा बसेर पैसा कमाउनका लागि नेपालीले गर्ने संघर्षको कथालाई उठाइने जानकारी गराइयो । सन्तोष अधिकारीले निर्माण गर्ने फिल्मको छायांकन अस्ट्रेलियामा नै हुनेछ । सन्तोषले यसअघि 'आमा' फिल्म निर्माण गरेका थिए ।

फिल्ममा अभिनेता अर्पण थापा, अभिनेत्री मेनुका प्रधान र निर्माता अधिकारीको मुख्य भूमिका रहनेछ । 'म्यारिज प्रपोजल', 'लुक ब्याक इन एंगर', 'कोही किन बर्बाद होस्', 'पूर्णिमा', 'आजै थालौं' लगायत कयौं सफल नाटकका निर्देशक चे शंकरले फिल्मको पटकथा लेखेका हुन् । केही दिनमा कार्यशाला सुरु गरेर असार अन्तिमबाट छायांकन थालनी गर्ने निर्देशक श्रेष्ठले जानकारी दिए ।

फिल्मको कथाले अस्ट्रेलियामा बस्दै आएका र नेपालबाट जान लागेका सबै नेपालीलाई छुने सन्तोषको भनाई छ ।


**धार्चे गाउँपालिका**
**गाउँ कार्यपालिकाकोकार्यालय**
**माछीखोला, गोरखा**
**२०७३**
**गण्डकी प्रदेश, नेपाल ।**

**बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०२/२८**

यस गाउँपालिकाको मिति २०७९/०२/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपशिल अनुसारको शिलवन्दि दरभाउ पत्रको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्याकंन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सुचनद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | DRM/WORKS/SQ/01/2078/79 | Construction of Ward Office Building of Laprak | Diamond Infra Engineering Pvt. Ltd. | NRS. 1,948,669.62 | |

**प्रमुख प्रशासकिय अधिकृत**



**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आठविसकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०२/२८ गते)**

प्रस्तुत विषयमा यस आठविसकोट नगरपालिका कार्यालयबाट बोलपत्र आह्वान गर्ने सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरु खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरुको रोहवरमा खोली मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उत्त बोलपत्रहरुको प्राविधिक र आर्थिक पक्षको मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उल्लेखित प्रस्तावदाताको बोलपत्र स्वीकृतको लागी छनौट गर्ने निर्णय गरिएको हँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| क्र. सं. | बोलपत्र नं. | बोलपत्र विवरण | छनौट भएका प्रस्ताबदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1. | AMO/NCB/G-17/2078/079 | Supply and delivery of Sanitary Pad at Aathbiskot Municipality Office Yard. | Jharana Enterprises Pvt. Ltd. Kageshwori, Ktm | NRs. 658,507.50 | |
| 2. | AMO/NCB/G-18/2078/079 | Supply and delivery of coin sanitary pad vending machine at Aathbiskot Municipality Office Yard. | Chetak Capital Trading Pvt. Ltd. New Baneshwor, Ktm | NRs. 7,11,900.00 | |
| 3. | AMO/NCB/G-19/2078/079 | Supply and delivery of Computed Radiography (CR) Machine at Aathbiskot Municipality Hospital. | Fair Trade Pvt. Ltd. Dharmapath, Ktm | NRs. 15,50,000.00 | |

**नि. प्रमुख प्रशासकिय अधिकृत**



**बराहक्षेत्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चक्रघट्टि, सुनसरी**
**प्रदेश नं १, नेपाल**

**बराहक्षेत्र नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**